# बहुभाषिक शिक्षा : आवश्यकता र कार्यान्वयनमा चुनौती

उत्तरकुमार पराजुली
उपसचिव, शैक्षिक गुणस्तर परीक्षण केन्द्र


## लेखसार

बहुभाषिक शिक्षा प्रणाली हाम्रो जस्तो बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय समाजका लागि अत्यावश्यक छ । राष्ट्रको सम्पर्क भाषा नेपाली रहेको छ र अन्य मातृभाषाबाट आएका विद्यार्थीहरू बिस्तारै यसमा सङ्क्रमण हुनु आवश्यक छ नै । यसका लागि नेपाली भाषाले पनि अन्य मातृभाषीलाई फराकिलो र समतामूलक दृष्टिकोण राखी तातेताते गराउनुपर्छ । विभिन्न क्षेत्रका मातृभाषा सेवीहरूलाई स्थानीय भाषिका शब्द कोश सम्पादन गराउन लगाउनुपर्छ । प्रचलित शब्दहरू आफ्ना पर्यायवाची शब्दहरुका रूपमा आत्मीकरण गर्ने फराकिलो छाती नेपाली भाषाको हुनुपर्छ । यसो गर्दा कतिपय भाषाकी धराले दिदी, कतिपय भाषाकी लालनपालन आमा बनेर राष्ट्रिय एकतालाई नेपाली भाषाले जगेर्ना गर्ने, संबद्र्धन गर्ने व्यवस्था गर्नुपर्छ । परिवारमा भौतिक सम्पत्तिको मालिक पितालाई मान्ने गरिन्छ । त्यसैले पैतृक सम्पत्ति भन्ने गरिन्छ । भाषाको मालिक आमालाई मान्ने भएकाले मातृभाषा भनिन्छ । बालक जन्मेपछि हुर्कँदै गर्दा धेरैजसो समय आमाको साथमा हुन्छ र आमाको बात्सल्य भाव सिञ्चित अभिव्यक्ति हेराइ, सुनाइ, छुवाइ क्रियाकलापमा अभ्यस्त हुँदै जीवनको पहिलो जुन भाषा सिकिन्छ, आत्मीकरण गरिन्छ त्यो भाषा नै मातृभाषा हो ।

अहिले पाठ्यक्रम विकास केन्द्रले बाइस ओटा मातृभाषामा पाठ्य सामग्री निर्माण गर्ने जस्तो सारै साहसिक र प्रशंसनीय काम गरेको छ । सोर ओटा मातृभाषामा १–५ कक्षासम्म र छ ओटा मातृभाषामा कक्षा १ देखि ४ सम्मका विभिन्न पाठ्य पुस्तक तयार गरेको अवस्था छ । वि.सं.२०६४ सालमा पाठ्यक्रम विकास केन्द्रद्वारा तयार गरिएको मातृभाषाको नमुना पाठ्यक्रम मातृभाषा शिक्षा भनौं वा बहुभाषिक शिक्षाको शिक्षण सन्दर्भको राम्रो काम हो । बहुभाषिक शिक्षा शिक्षण तथा विकासका लागि राज्यले स्थापना गरेको यस कोशेढुङ्गाका आधारमा मुलुकभित्रका सबै मातृभाषीले आफ्नो भाषिक यात्रा सरल र सुगम बनाउनुपर्छ ।)



## मुख्य शव्दावली

मातृभाषा, प्रारम्भिक शिक्षा, ग्राम्यभाषा, दिव्योपदेश, राष्ट्रभाषा, माध्यम भाषा, डकार घोषणापत्र, स्थानीय स्वायत्त शासन ऐन २०५५, शिक्षा ऐन, २०२८, पाठ्यक्रम प्रारूप (२०६३), तिन वर्षीय अन्तरिम योजना (०६४/६५–२०६६/६७), बहुभाषिक शिक्षा, अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि, बाल अधिकार सम्बन्धी अनुबन्ध (१९८९), भाषिक दासता, एकल भाषिक, आत्मीकृत भाषा, कामचलाउ भाषा, द्विभाषिक शिक्षा, विचारको मणिभीकरण ।

## अध्ययनको परिचय

ज्ञान वा शिक्षा समय र परिस्थितिले प्राकृत रूपमा सिकाउँदै जाने कुरा हो । यो सिकारुको अनुभूति क्षमताका आधारमा सिकिँदै जाने कुरा हो । यस्तो खालको सिकाइ निकै ढिलो र विशृङ्खलित अवस्थामा हुने हुन्छ । यस्तो सिकाइका लागि कुनै कृत्रिम भाषाको आवश्यकता पनि पर्दैन । यदि ज्ञान अभिव्यक्त गर्नु छैन भने भाषाको आवश्यकता नै किन पर्छ र ? न लिनु छ न दिनु छ । आफूले आफैँलाई केको भाषा चाहियो ? यसरी प्रत्येक व्यक्तिले प्रकृतिबाटै सिक्ने हो भने व्यक्तिको ज्ञान क्षेत्र निकै साँघुरो र अति सीमित हुन पुग्छ र त्यसमा ज्यादै ठुलो लगानी र कहरकटाइ हुन्छ । यो विषालु छ, यो हिंस्रक जन्तु हो, यहाँबाट लडेर मरिन्छ, यो नमिठो भए पनि लाभदायक छ जस्ता कुरा आफूले अनुभव नै नगरी अग्रजबाट सिकिन्छ र सुरक्षित भइन्छ ।

अनुभव तथा ज्ञानको आदान प्रदानका लागि भाषा चाहिन्छ । सामान्य चेतना भएका पशुपन्छीले पनि खाना, सुरक्षा, सन्तान वृद्धि जस्ता कुराका लागि आफ्नै वंशअनुसारको सीमित साङ्केतिक भाषा प्रयोग गर्ने गरेको पाइन्छ । चाहे पशुपन्छी होस्, चाहे मानिस, यस्तो खालको साङ्केतिक भाषा सर्वव्यापी (universal) हुन्छ । खुसीको अवसरमा रमाउने नेपालका कौवा र अमेरिकाका कौवा उसै गर्छन् । दुःखमा दुःख व्यक्त गर्ने नेपालका बाँदर र अफ्रिकाका बाँदर उसै गर्छन् । नेपालका मान्छे पनि हँसिलो अनुहारले सुख व्यक्त गर्छन् र त्यसै गरी रुसका मान्छे पनि । तर आफ्ना विगतका अनुभव, ज्ञान विचारलाई आदान प्रदान गर्न विशिष्ट खालको भाषा चाहिन्छ । यो कुरा मानव जातिमा मात्र सम्भव छ । मान्छेले संसारमा रहेको अथाह ज्ञान भण्डारमा गोता मार्ने कला आफ्ना भावी पिँढीलाई कसरी थोरैभन्दा थोरै समयमा धेरैभन्दा धेरै ज्ञान कैयौं जीवनका अनुभवहरूले भरिपूर्ण गर्न सकिन्छ भन्ने सोचले आफ्नो समूहको भाषा विकास गऱ्यो । पिँढी दरपिँढी ज्ञानको वैभव थपिने क्रममा भाषा पनि समृद्धशाली बन्दै गयो । स्थान, वातावरण, जीवन शैली, समूहको आकार, समूह नेतृत्वको अनुभूति शैली, अभिव्यक्ति शैलीअनुसार भाषाले अस्तित्व पाउँदै गयो ।

भाषाशास्त्रीका अनुसार संसारमा २,७९६ प्रकारका भाषा रहेको बताइन्छ (तिवारी, १९९३) । त्यसो त चार कोसमा पानी फेरिन्छ आठ कोसमा बानी फेरिन्छ भन्ने लोकोक्तिले संसारमा भाषाको गिन्ती गरी साध्य छैन भन्ने देखाउँछ । यी यति धेरै भाषा मान्छेले ज्ञान सङ्ग्रहकै लागि, ज्ञान आदान प्रदानकै काममा प्रयोग गरी जीवित राखेको छ । परिवारमा भौतिक सम्पत्तिको मालिक पितालाई मान्ने गरिन्छ । त्यसैले पैतृक सम्पत्ति भन्ने गरिन्छ । भाषाको मालिक आमालाई मान्ने भएकाले मातृभाषा भनिन्छ । बालक जन्मेपछि हुर्कँदै गर्दा धेरैजसो समय आमाको साथमा हुन्छ र आमाको बात्सल्य भाव सिञ्चित अभिव्यक्ति हेराइ, सुनाइ, छुवाइ क्रियाकलापमा अभ्यस्त हुँदै जीवनको पहिलो जुन भाषा सिकिन्छ, आत्मीकरण गरिन्छ, त्यो भाषा नै मातृभाषा हो । संसारको माया मोहबाट अलग भएको घोषणा गर्ने योगीले पनि भाषा (मातृभाषा), जन्मभूमि र जन्म दिने आमा भुल्दैन भनिन्छ । जसरी भोकको उग्र बेचैनीको अवस्थामा खाएको भोजनको जीवन भर सम्झना भइरहन्छ, व्यक्तिमा मातृभाषाको स्वाद पनि त्यस्तै हुन्छ । मातृभाषामा विकसित अवधारणा जीवनको अत्यन्त शिथिल अवस्थासम्म पनि ताजै रहन्छ । यो कुरा बिसौं शताब्दिका महान् वैज्ञानिक अल्वर्ट आइन्स्टाइनको जीवनीले पनि प्रमाणित गरिदियो ।

आइन्स्टाइन जर्मन भाषी थिए । यहुदी भएकाले नाजीहरूको जातीय अत्याचार सहन नसकी अमेरिका बस्दै आएका थिए । अमेरिकाको बास, उतै बिहेवारी गरेका हुनाले जीवनको उर्वर ठुलो हिस्सा अङ्ग्रेजी भाषा बोलेर, लेखेर, पढेरै बित्यो । तर जीवनको अन्तिम घडीमा उनले आफ्नो मातृभाषा जर्मन बोलेर देह त्याग गरे । त्यहाँ उपस्थित व्यक्तिहरू जर्मन भाषा बुझ्ने कोही पनि नहुनाले उनले के बोले भन्ने कुरा भने रहस्यकै गर्भमा रह्यो । यस्तै घटना र बाल सिकाइसम्बन्धी विभिन्न खोज अनुसन्धानले बालकको प्रारम्भिक शिक्षा मातृभाषामा हुनुपर्ने कुरा देखाएको छ ।

यस अध्ययनका निम्नानुसारका उद्देश्यहरू रहेका छन् :

१. शैक्षिक क्षेत्रमा बहुभाषिक स्थितिको पहिचान गर्ने,

२. बुहभाषिक शिक्षाको आवश्यकता पत्ता लगाउने,

३. बहुभाषिक शिक्षाको कार्यान्वयनमा देखिएका चुनौती र समाधानका उपायहरू सुझाउने,

बहुभाषिक शिक्षाको आवश्यकता र कार्यान्वयनमा चुनौती सन्दर्भमा सोधखोज गर्दा प्राप्त केही कुराहरू तल प्रस्तुत गरिएको छ :

अविकसित ग्राम्य भाषा भनेर संस्कृत पढेका पण्डितहरूले नेपाली भाषालाई खिसी गर्ने समयमा पौराणिक ग्रन्थ रामायणलाई आफ्नो मातृभाषा नेपालीमा लेख्ने ठुलो साहस गरे तनहुँका भानुभक्तले । त्यस्तै हिम्मत गरे अर्घाखाँचीका शशिधर स्वामीले पनि । विभिन्न भाषाका भजनहरू अध्ययन गरेर आफ्नै मातृभाषा नेपालीमा शास्त्रीय भजन रच्ने जमर्को गरे अर्घाखाँचीकै हर्कमणि भट्टराईले । त्यसो त पृथ्वीनारायण शाहको उपदेशमूलक लिखत (दिव्योपदेश) यी माथिका व्यक्तिहरू परिपक्क हुनुभन्दा कैयौँ अगाडिको हो । राजाको स्तरबाट लेखिँदा जति सहज हुन्थ्यो सामान्य नागरिकको स्तरबाट लेखिँदा हुने अप्ठ्यारोलाई ख्याल गरेर माथिका प्रयासलाई साहसिक ठानिएको हो । यिनै साहसिक कदमका कारण नेपाली भाषा राष्ट्रभाषाका रूपमा विकसित हुन पुग्यो ।

हाम्रो देशमा १२३ थरीका भाषा अस्तित्वमा रहेको पाइएको छ । यी मातृभाषीहरूका लागि कसरी शिक्षा दिने भन्ने सन्दर्भमा सबैभन्दा पहिले नेपाल राष्ट्रिय शिक्षा आयोगको अध्ययनले थुप्रै कुरा स्पष्ट पार्ने प्रयास गरेको छ । सो आयोगको प्रतिवेदन तथा योजना खाका पुस्तक नेपालमा शिक्षा (२०११-१३) ले मातृभाषामा शिक्षा सम्बन्धी थुप्रै कुराहरू उठाएको छ । सो पुस्तकको पृष्ठ ६० मा यसो लेखिएको छ, 'तराईका कुनै भागहरूबाट बाहेक प्राथमिक शिक्षा प्रादेशिक भाषामा दिनुपर्दछ । माध्यमिक शिक्षा राष्ट्रिय भाषामा र उच्च शिक्षा या त अङ्ग्रेजी या राष्ट्रिय भाषामा दिनुपर्दछ भन्ने धेरै जना चाहन्छन् । तर मुलुकभरिको धेरै क्षेत्र राष्ट्रभाषा नेपालीमा नै माध्यमिक र माथिल्लो प्राथमिक अवस्थाको शिक्षाको माध्यम रहोस् भन्ने जोड दिन्छन् ।' यहाँ प्रादेशिक भाषा भन्नाले स्थानीय बोलीचालीको भाषा भन्ने बुझिन्छ जुन मातृभाषाको भूमिकामा रहन्छ । तल्लो प्राथमिक स्तरमा मातृभाषामा शिक्षा हुनुपर्छ भन्ने कुरा यसबाट देखिन्छ ।

यसै गरी सोही प्रतिवेदनको पृष्ठ ६९ मा उल्लेख गरिएको छ, 'मातृभाषाका माध्यमद्वारा शिक्षा दिएमा

केटा केटीहरूले चाँढै लेखपढ गर्न सक्छन् । मातृभाषा उपर त्यही हदसम्म प्रेम हुनुपर्छ जसबाट राष्ट्रभाषा उपर अरूचि पैदा नहोओस्' र त्यसै सन्दर्भमा पृष्ठ ७० मा 'मातृभाषाको माध्यमद्वारा शिक्षा दिनाले देशका अवनत भाषाको उन्नति हुन गई राष्ट्रको सर्वतोमुखी विकासका साथै सबै जात समाजका मानिसको सहयोग प्राप्त हुन्छ । मातृभाषामा सबै जात समाजका मानिसको सहयोग प्राप्त हुन्छ । मातृभाषामा सबै जात समाजका मानिसहरूलाई पाठ्य पुस्तक प्रकाशन गर्ने अधिकार दिनाले सरकारको सुकीर्ति फैलिन्छ ।'

यी माथिका कुराले मातृभाषामा दिइने धारणा बालबालिकाका लागि निकै महत्त्वपूर्ण हुन्छ भन्ने कुरा गर्दै मातृभाषामा  ज्यादा लगाव दिएर राष्ट्रको काम काजको सम्पर्क भाषा ओझेलमा नपरोस् भनी सचेतसमेत गराइएको पाइन्छ । यति भन्दाभन्दै पनि राष्ट्रको सामाजिक विकासका लागि मातृभाषाको पठन पाठन महत्त्वपूर्ण हुने कुरा औंल्याएको छ । यो महत्त्वपूर्ण कुरा हो । प्राथमिक स्कुलको पाठ्यक्रमअन्तर्गत पृष्ठ १०४ मा 'भाषा सम्बन्धमा मातृभाषाका आधारमा नेपाली भाषातिर ढल्काउँदै जानु भन्ने उद्देश्य लिइएको छ । यसले पनि नेपाली बाहेकका मातृभाषीलाई नकारेन बरु चाँढै सम्पर्क माध्यम भाषा नेपालीमा दक्ष हुन उत्प्रेरित हुन सङ्केत गऱ्यो । पृष्ठ १०७ मा 'नेपालको विभिन्न भौगोलिक क्षेत्रमा विभिन्न किसिमका मातृभाषाअनुसार प्राथमिक कक्षाहरूमा भाषा विकासको स्तर परिवर्तनशील हुनुपर्छ । भाग्यवश यसमा विभिन्नता धेरै छैन र आवश्यक पऱ्यो भने नेपाली भाषामा सजिलो र छिटोसँग लैजान सकिन्छ' र पृष्ठ १०८ मा 'नेपाली भाषाबाहेक नेपालका अरू स्थानीय भाषाको अध्ययनले नेपाली भाषाको प्रभावपूर्ण विकासमा बाधा दिने छ । यदि केटा केटीहरूलाई प्रारम्भिक भाषाका रूपमा नेपाली नै सिकायो भने अरू भाषाहरू क्रमशः गौण हुँदै जाने छन् । फलतः राष्ट्रिय बल तथा एकतामा वृद्धि हुने छ । छैठौं दर्जादेखि इच्छाधीन भाषा राख्न सकिन्छ । जसको मातृभाषा  नेपाली बाहेक अर्कै हुन्छ तिनीहरूले पनि लिखित मातृभाषा चाँडै नै सिक्न सक्ने छन्" त्यसैगरी  पृष्ठ ११६ मा "नेपाली भाषा नै पढाइको माध्यम हुनुपर्छ । सकभर पहिला दुवै श्रेणीमा पनि लागु हुनुपर्छ ।"

यी माथिका कुराले सो योजना राष्ट्रिय एकताको नाममा नेपाली भाषाप्रति बढी आग्रहमुखी भई अन्य भाषालाई कम आकलन गर्न खोजेको देखिन्छ ।

सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ (पृष्ठ १२९) मा पढाइको माध्यम नेपाली हुनैपर्छ जहाँसम्म भाषाको  शिक्षाबारे प्रश्न छ ती क्षेत्रीय भाषाहरूलाई शिक्षामा इच्छाधीन विषयका रूपमा स्थान दिनुपर्छ  र दिइएकै छ" भनिएको  छ । यहाँ नेपाली भाषा बाहेकका भाषालाई क्षेत्रीय भाषा भनिएको छ ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८-२०३२) को पृष्ठ २९ मा भनिएको छ, "जुन क्षेत्रमा नेपाली भाषाको प्रचार अझ व्यापक हुन सकेको छैन र बालबालिकालाई नेपाली बुझ्न कठिनाइ हुन्छ, यस्ता क्षेत्रहरूमा पढाइको माध्यम र पाठ्य पुस्तक नेपाली भाषाकै भए पनि शिक्षकहरूले क्षेत्रीय भाषामा विद्यार्थीलाई बुझाउन सक्नेछन्" यस सन्दर्भमा बहुभाषिक शिक्षातर्फ अलि नरम देखिएको शिक्षाको

माध्यम सम्बन्धको नीति "प्राथमिक शिक्षा र माध्यमिक शिक्षासम्म पढाइको माध्यम नेपाली हुने छ । यसभन्दा फरक व्यवस्था गर्नुपरेमा श्री ५ को सरकारको पूर्व स्वीकृति प्राप्त गर्नुपर्ने छ" भन्ने भनाइले नेपाली बाहेका मातृभाषाप्रति अलि कठोर तवरले प्रस्तुत भएको हो कि भन्ने सङ्केत मिल्छ । हुन त यसै कुरालाई सकारात्मक दृष्टिले हेर्ने हो भने माध्यमको स्वतन्त्रताको नाममा भद्रगोल नहोस्, सबै शैक्षिक संस्थाहरू अनुशासनमा रहून् भन्ने सोचले त्यसो गर्नु आवश्यक हुन्छ भनी व्याख्या गर्न सकिन्छ ।

नेपाल राज्यको संविधान २०४७ धारा १८ को उपधारा २ मा प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउने छन् भनी देशकै मूल कानुनमा मातृभाषाले स्थान पाएको देखिन्छ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ को पृष्ठ २९ मा नेपाली मातृभाषा नभएका नेपालका अन्य राष्ट्रिय भाषाभाषी क्षेत्रका विद्यालयमा शिक्षाको माध्यमका रूपमा राष्ट्रिय भाषाहरूको प्रयोग गर्न सकिने छ । हाल नेपालीबाहेक नेपालमा बोलिने अन्य भाषाहरूमा पठन पाठनका लागि चाहिने आवश्यक पाठ्य सामग्री उपलब्ध हुन नसकेमा त्यस्तो पाठ्य सामग्री उपयुक्त मात्रामा उपलब्ध नभएसम्म लेखपढ नेपाली भाषामा गरी आवश्यक व्याख्या र निर्देशन आदि कार्य मातृभाषामा गर्ने व्यवस्था हुन उपयुक्त देखिन्छ । बुहभाषिक समुदायका बालबालिकालाई स्थानीय मातृभाषाको अध्ययन गर्न प्रोत्साहित गर्नुपर्छ" भनी बहुभाषिक शिक्षाका लागि नीतिगत आधार स्पष्ट पारेको पाइन्छ ।

सबैका लागि शिक्षा डकार घोषणा पत्र तथा नेपाल कार्ययोजना २००१- २०१५ मा डकार घोषणा पत्रका ६ ओटा लक्ष्यहरूमा नेपालले एउटा लक्ष्य थपी ७ बुँदे लक्ष्य तयार गर्दा सातौं लक्ष्य 'देशभित्रका विभिन्न जात जाति र पृथक भाषाका अल्प सङ्ख्यक जनताले आआफ्ना मातृभाषाको माध्यमबाट आधारभूत तथा प्राथमिक शिक्षा प्राप्त गर्न पाउने अधिकार सुनिश्चित गर्ने' भनी राखीएको छ । सोही कार्य योजनामा 'आदिवासी जनजाति र भाषिक अल्प सङ्ख्यकको जीवनोपयोगी सिप र संस्कृतिअनुरूप मातृभाषाको माध्यममा प्राथमिक तहका सबै विषहरूको शैक्षिक सामग्री तयार गर्ने र चरण बद्ध रूपमा क्रमैसँग लागु गर्दै जाने' भनिएको छ ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ दफा २८ १ घ ३ ले गाउँ विकास क्षेत्रभित्र मातृभाषामा प्राथमिक तहको शिक्षा उपलब्ध गराउन सहयोग गर्ने भनी गाउँ विकास समितिको काम, कर्तव्य र अधिकारअन्तर्गत उल्लेख गरेको पाइन्छ भने दफा ९६, १ घ ३ ले सोहीबमोजिम नगर क्षेत्रभित्रको कुरा उल्लेख गरेको पाइन्छ ।

शिक्षा ऐन, २०२८ (संशोधित २०६६ संशोधनसमेत) को दफा ७-२ (क) ले प्राथमिक तहसम्मको शिक्षा मातृभाषामा दिन सकिने छ भनी उल्लेख गरेको छ । नेपालको अन्तरिम संविधान २०६३ को धारा १७-१ मा प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भएबमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुने छ भनी उल्लेख गरिएको छ । त्यसै गरी राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०६३)ले आधारभूत शिक्षाको प्रथम चरण (१- ३) सम्म सामान्यतया शिक्षाको माध्यम मातृभाषा हुने छ भनी

उल्लेख गरेको छ । कतिपय स्थानीय भाषाहरू कक्षामा सिकाउन सकिने अवस्थामा (शब्द भण्डार र व्याकरण र शिक्षकको अभावमा) नभएकाले यहाँ सामान्यतया शब्दको प्रयोग गर्नु परेको हुन सक्छ ।

त्रिवर्षीय अन्तरिम योजना (०६४/६५-२०६६/६७) मा आदिवासी जनजाति, नीति तथा कार्य नीतिअन्तर्गत 'बहुभाषिक शिक्षाको प्रवर्धन गरिने छ' भनी उल्लेख गरेको पाइन्छ भने आदिवासी सामाजिक स्थितिअन्तर्गत 'मातृभाषाको माध्यमबाट शिक्षा दिने पद्धतिलाई संस्थागत गर्ने' भनी उल्लेख गरिएको छ । त्यसरी नै आधारभूत शिक्षाअन्तर्गत मातृभाषामा प्राथमिक शिक्षा पाउने अधिकारको सुनिश्चितताका लागि मागका आधारमा कार्यक्रम बिस्तार गर्दै लगिने छ' भनी मातृभाषाको उत्थानका लागि भावी दृष्टिकोणसमेत स्पष्ट पारेको छ ।

विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) ले शिक्षाको गुणस्तर विकासका लागि आधारभूत शिक्षाको थालनी मातृभाषाको माध्यमबाट हुनुपर्ने उल्लेख गरेको छ । सो योजनामा योजना अवधिमा ७,५०० विद्यालयमा बहुभाषिक शिक्षा लागु गर्ने बताइएको छ । शिक्षा विभाग र पाठ्यक्रम विकास केन्द्रको सक्रियतामा विभिन्न भाषामा सिकाइ सामग्रीको विकास गर्ने, राष्ट्रिय स्तरमा एउटा समग्र बहुभाषी शिक्षाको प्रारूपको विकास गरी यसलाई जिशिकामार्फत विद्यालयमा लागु गर्ने र पाठ्यक्रम विकास केन्द्रले बहु पाठ्य पुस्तकका लागि निर्देशिका जारी गर्ने समेतको योजना रहेको छ ।

बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका २०६६ शिक्षा मन्त्रालयद्वारा २०६७ मा जारी भएको छ । सो निर्देशिकामा बहुभाषिक शिक्षासँग सम्बन्धित केही पारिभाषिक शब्दावलीको उल्लेख गरेको छ । जसमा

- मातृभाषा भन्नाले बालबालिकाले आफ्नो घर परिवारमा बोल्ने पहिलो भाषालाई जनाउँछ ।
- एकल मातृभाषा विद्यालय भन्नाले विद्यालय सेवा क्षेत्रभित्रका एउटै भाषिक समुदायका विद्यार्थीहरू रहेको वा सबैले एकै किसिमको स्थानीय भाषा प्रयोग गर्ने अवस्थाको विद्यालयलाई जनाउँछ ।
- द्विभाषी विद्यालय भन्नाले विद्यालय सेवा क्षेत्रभित्र दुई भाषिक समुदायका विद्यार्थी रहेको वा विद्यालयमा फरक फरक दुई भाषा प्रयोग हुने अवस्थाका विद्यालयलाई जनाउँछ ।
- बहुभाषी विद्यालय भन्नाले विद्यालय सेवा क्षेत्रभित्र दुईभन्दा बढी भाषिक समुदायका बालबालिका रहेको र विद्यालयमा दुईभन्दा बढी भाषा प्रयोग हुने अवस्थाका विद्यालयलाई जनाउँछ ।
- बहुभाषी शिक्षा भन्नाले स्थानीय मातृभाषासमेत एक वा एकभन्दा बढी भाषाका माध्यमबाट दिइने शिक्षालाई जनाउँछ भनी उल्लेख गरिएको छ ।

निर्देशिकामा १-३ कक्षामा अङ्ग्रेजी र नेपाली विषय बाहेकका विषय मातृभाषामा र ४- ५ कक्षामा तिनै विषय मातृभाषा र सम्पर्क भाषा (नेपाली) मा हुँदै सम्पर्क भाषातर्फ रूपान्तरण गर्न योजना मिलाइएको देखिन्छ । अनौपचारिक शिक्षामा समेत आधारभूत साक्षरता स्थानीय मातृभाषामा र साक्षरोत्तर कक्षा मातृभाषा र सम्पर्क भाषामा सञ्चालन गर्ने भन्ने योजनाबाट अनौपचारिक शिक्षामा समेत बहुभाषिक ढाँचा प्रयोग हुने देखिएको छ । बहुभाषिक शिक्षालाई विकेन्द्रिकृत हिसाबले समाजका आधारभूत तहसम्म

लैजान शिक्षा विभागका महानिर्देशकको अध्यक्षतामा राष्ट्रिय बहुभाषी शिक्षा निर्देशक समितिको गठन व्यवस्था गरिएको छ भने जिल्लामा, स्रोत केन्द्र स्तरमा र विद्यालय स्तरमा समेत समिति गठनको प्रावधानका साथै काम कर्तव्य र अधिकार समेतको व्यवस्था गरिएको छ ।

यी माथिका विभिन्न सन्दर्भ र प्रावधानले देशभित्र बहुभाषिक शिक्षाको वातावरण सरल र सहज बनाउन आधार दिएको भन्न सकिन्छ ।

हाम्रो देशको तर्फबाट अन्तर्राष्ट्रिय स्तरमा गरेका केही सन्धि सम्झौतामा मातृभाषा सम्बन्धी शिक्षा सन्दर्भका केही कुरा तल उल्लेख गरिएको छ ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि सङ्ख्या १६९ नेपालको संसदले पारित गरेको छ । यसको २८.१ मा आदिवासी समुदायका बालबालिकालाई सम्भव भएसम्म उनीहरूकै मातृभाषामा लेखपढ गर्न सिकाइने छ भनिएको छ । त्यसैगरी बाल अधिकार सम्बन्धी अनुबन्ध (१९८९) को धारा ३० मा जाति, धर्म वा भाषिक अल्पसङ्ख्यकहरू वा आदिवासी मूलका मानिसहरू बसोबास रहँदै आएको राज्यमा त्यस्ता अल्पसङ्ख्यकहरू वा आदिवासी बालबालिकालाई आफ्नै समुदायका अन्य सदस्यहरूसँग सामूहिक रूपमा आफ्नो संस्कृति अपनाउने, धर्मको पालना गर्ने र प्रयोग गर्ने वा आफ्नो भाषा प्रयोग गर्ने अधिकारबाट वञ्चित गर्न पाइने छैन' भनी उल्लेख गरिएको छ । यी कुराहरूले बहुभाषिक शिक्षाको सन्दर्भ केवल हाम्रो देशको मात्रै चासोको विषय नभएर विश्वकै चासोको विषय भएको कुरा एकातिर स्पष्ट छ भने अर्कोतिर हाम्रो देशले विश्व सामु गरेको प्रतिबद्धताले नैतिक रूपमा बहुभाषिक शिक्षा सम्बन्धमा दबाब रहेको कुरा स्पष्ट हुन्छ ।

- हाम्रो देशमा बहुभाषिक शिक्षा सञ्चालन सम्बन्धमा गरिएका केही प्रयासमा २०६४-२०६६ सम्म फिनल्यान्ड सरकारको सहयोगमा रानाथारू कञ्चनपुर, पाल्पा मगर, रसुवा तामाङ, धनकुटा आठ पहरिया राई, सुनसरी पूर्वीया थारू, उराव र झापा राजवंशी र सन्थाल भाषामा बहुभाषिक शिक्षा कार्यक्रम परीक्षण गरिएको थियो ।
- बहुभाषिक शिक्षा कार्यक्रमअन्तर्गत मैथिली, अवधी, भोजपुरी, थारू, नेवार, लिम्बू, तामाङ, वान्तवा राई, राई चामलिङ, शेर्पा, गुरुङ, मगर, सुनुवार, राजवंशी, याख्खा, मुगाली भाषामा हालसम्म १-५ कक्षाका पाठ्य पुस्तक विकास भइसकेको अवस्था पाइन्छ भने भाषामा तामाङ (सम्भोटा) १-४, धिमाल, मगर (अठार मगरात) भाषामा १-३, थारू (मध्य क्षेत्र), बज्जिका र कुलुङ भाषामा कक्षा १ का पाठ्य पुस्तक तयार भएको अवस्था छ । मैथिली, भोजपुरी, लिम्बू, थारू, अवधी, मगर, नेपाल भाषा, डोटेली, थकाली, चामलिङ, गुरुङ, शेर्पा, वान्तवा राई, उर्दू र संस्कृतमा कथा, जीवनी र संस्कृति सम्बन्धी पुस्तकहरू प्रकाशित भइसकेका छन् ।

## अध्ययनको विश्लेषणात्मक विस्तार

**(क) आवश्यकता विश्लेषण**

यो अध्ययन रूपन्देही जिल्लाका विशेष गरी विद्यार्थी शिक्षक, अभिभावकबिच केन्द्रित रहेको छ । त्यसो त अभिभावकको हैसियतमा कर्मचारी, प्रहरी, सेना, विभिन्न गैरसरकारी संस्थामा काम गर्ने व्यक्तित्वहरूको पनि यसमा संलग्नता छ । सोधपुछमा प्रयोग भएका २३४ व्यक्तिमध्ये ५८% पुरुष र ४२% महिला रहेका थिए । भाषिक क्षेत्रका हिसाबले हेर्दा नेपाली मातृभाषी ८७.६%, थारू मातृभाषी ८.५% र अन्य ३.९% रहेका थिए । अन्य भाषामा तामाङ, गुरुङ, मगर, हिन्दी, भोजपुरी, नेवारी रहेका थिए । कतिपयले आफ्नो पुर्खौली मातृभाषा गुमाएर नेपाली नै मातृभाषा भएको अवस्था भेटिएको थियो । प्रश्नावली फाराममा यी शीर्षकहरू राखीएका थिए । क्रम सङ्ख्या, नामथर, ठेगाना, मातृभाषा, पेसा /पद आफ्ना बालबालिकालाई कुन भाषामा पढाउन चाहनुहुन्छ/कुन भाषामा पढ्न चाहनुहुन्छ (विद्यार्थीका लागि), किन, आफ्नै मातृभाषामा पढाउँदा के होला/आफ्नै मातृभाषामा पढ्दा के होला (विद्यार्थीका लागि), हस्ताक्षर ।

माथिको फाराम खाकाअनुसार प्राप्त तथ्याङ्कलाई प्रशोधन गरी तालिकीकरण गर्दा ४६.५% ले नेपाली भाषा प्रयोग गर्नुपर्ने राय दिए, २% ले थारू भाषा प्रयोग गर्नुपर्ने कुरा व्यक्त गरे भने ५१.५% अध्यापन वा अध्ययनको माध्यम अङ्ग्रेजी हुनुपर्ने राय व्यक्त गरे । यसले झन्डै ५०% सहभागीलाई आफ्नो मातृभाषाप्रति राम्रो भरोसा नभएको देखायो ।

मातृभाषामा पढाउनुपर्छ भन्ने सहभागीहरूको कारण बुझ्दा यस प्रकारको नतिजा देखिएको छ ।

१. साना बालबालिकालाई प्रभावकारी हुन्छ भन्ने राय दिने- ४०%,
२. पठन पाठन गर्न सजिलो हुन्छ भन्ने राय दिने- १८.३%,
३. राष्ट्रियता संरक्षणको लागि राम्रो हुन्छ भन्ने- ७.३%,
४. आफ्नो मातृभाषा लाई अन्तर्राष्ट्रिय प्रतिष्पर्धामा लैजानुपर्छ भन्ने- ५%,
५. आफ्नो भाषा संरक्षण गर्न सकिन्छ भन्ने- ४.५%,
६. दुवै भाषा (मातृभाषा, अङ्ग्रेजी) जान्नुपर्छ भन्ने- ४.५%,
७. अन्य- १९.६% थिए ।

अन्यमध्येका मुख्य कारणहरू "बोलीचालीको भाषा भएकाले, व्यावहारिक हुने हुनाले, मातृभाषा भएकाले, देशको राष्ट्रभाषा भएकाले, अङ्ग्रेजी गारो हुनाले, नेपाली भएको हुनाले" रहेका छन् । यी सबै कारणको अध्ययन विश्लेषण गर्दा १ र २ नंका कारणहरू शिक्षण सिकाइका सन्दर्भका रहेका छन् । ३, ४ र ५ नं का कारणहरू राष्ट्र र राष्ट्रियतालाई महत्त्व दिएका भन्न सकिन्छ भने ६ र ७ नं.का कारणहरू विश्लेषण गर्दा यिनीहरू भाषाकै पक्षमा मात्र बोलिएको भन्न सकिन्छ । यसरी हेर्दा ५८.३% ले शिक्षण सिकाइका लागि ध्यान दिए, १६.८% ले भाषामा राष्ट्र र राष्ट्रियताको भविष्य देखे भने २४.९% ले

भाषालाई विचार आदान प्रदानको माध्यमको रूपमा लिए । शिक्षण सिकाइको क्षेत्रमा काम गर्नेहरूका लागि यो शुभ सङ्केत भन्नुपर्छ । बालबालिकामा ओजपूर्ण बोध शक्ति मातृभाषाले नै भर्न सक्छ भन्ने कुरामा झन्डै ६०% (५८.३%) देखा परेको छ । जति बोध क्षमता बढ्दै गयो उति चिन्तन मननको क्षमताको विकास हुन्छ । जुन भाषामा जति धेरै चिन्तन मनन हुन्छ अन्य भाषा भाषीको आकर्षण पनि त्यो भाषामा हुन्छ । अनि भाषाले पनि अन्तर्राष्ट्रिय सम्मान पाउँछ, राष्ट्रियताले पनि बलियो आधार पाउँछ । अङ्ग्रेजी भाषामा शिक्षा दिक्षा गर्नुपर्छ भन्ने कारणहरू हेरौं-

१. अन्तर्राष्ट्रिय भाषा भएको हुनाले भन्नेहरू ३६.२८%,
२. भविष्य राम्रो हुन्छ भन्नेहरू १८.५%,
३. समयअनुसार जानुपर्छ भन्नेहरू १२.३%,
४. देश विकास गर्न सजिलो हुन्छ भन्नेहरू ३.५%,
५. अन्य २९.५% थिए ।

अन्यमध्येका मुख्य कारणहरूमा “शिक्षाको आधार राम्रो हुन्छ, बौद्धिक विकास गर्न सजिलो हुन्छ, जुनसुकै ठाउँमा पनि काम लाग्ने भएकाले, विदेशी भाषा सिक्नका लागि, अनुशासित हुन, विश्वमा सुपरिचित हुन, हाम्रो देश पनि विकसित हुनुपर्छ, अवसर धेरै पाउन सकिन्छ, हाम्रो देशमा पनि अरूको भाषाको विकास हुनुपर्छ” **भन्ने रहेका छन् ।**

वास्तवमा यी सम्पूर्ण कारणलाई विश्लेषण गर्दा अहिलेको हाम्रो समाज स्वदेशमा रहेर आफू र आफ्नो जीविकाको बारेमा सोच्न छोड्दै रहेको सङ्केत गर्छ । यसले शिक्षामा रहेको जागिरे मनस्थिति (clerical mind) को राम्रो प्रमाण दिएको छ । अन्तर्राष्ट्रिय भाषा जानेर हामीलाई हुने फाइदाका बारेको उत्तरको सपना बुनाइको अभिव्यक्ति विश्लेषण योग्य छ । अभिभावकको यो मनोदशालाई राम्ररी नबुझी यहाँउल्लेख गरिएको बहुभाषिक शिक्षा शिक्षण कार्यान्वयन गर्न निकै चुनौती देखिन्छ ।

### (ख) कार्यान्वयनका लागि चुनौती विश्लेषण

व्यक्तिमा भाषिक दासता (linguistic slavery) जस्तो चर्को दासता अर्को  हुँदैन । यो दासता पनि दुई प्रकारको हुन्छ । एउटा लादिएको भाषिक दासता (imposed lingusitic slavery) र अर्को स्विकारिएको भाषिक दासता (accepted linguistic slavery) । हामी अङ्ग्रेजी भाषाको दासतालाई स्विकारी साना बालबालिकालाई सो दासता लाद्दै छौं । हामी एकातिर मातृभाषामा प्राथमिक शिक्षा भन्दै छौं अर्कोतिर कक्षा एकदेखि अङ्ग्रेजी विषय पनि राख्दै छौं । अझ संस्थागत विद्यालयमा केवल एक विषय नेपाली बाहेक सबै अङ्ग्रेजीमा पढाउँछौं र अहिले त सामुदायिक विद्यालयहरू कक्षा एकदेखि अङ्ग्रेजी माध्यम भनिएन भने चल्नै नसक्ने हुन थालेका छन् । कहाँ छ यहाँ मातृभाषामा प्राथमिक तहको (कम्तीमा १-३ सम्म) शिक्षा दिने भन्ने बालबालिकाको मौलिक हकको आवाज यो बहुभाषिक शिक्षाका लागि एक चुनौतीपूर्ण प्रश्न बनेर उभिएको छ ।

प्राथमिक कक्षामा सियो खस्दा थाहा पाउने शान्ति भयो भने त्यो शिक्षण सिकाइका लागि निकै भयानक

डरलाग्दो अवस्था मान्नुपर्छ । केटाकेटी कि त शिक्षकसँग अन्तरक्रिया (प्रश्नोत्तर, छलफल) मा भाग लिएका हुनुपर्छ कि त साथीहरूसँग आपसमा कुरा गरेर रहनुपर्छ । ६ ओटा हरफभन्दा लामो गीत बाल विकास तहका विद्यार्थीका लागि लामो हुन्छ भनिन्छ, ७-१० मिनेटभन्दा लामो सुनाइ सुनिरहन सक्तैनन् प्राथमिक उमेर वा बालबालिकाले भनिन्छ । तर अङ्ग्रेजी माध्यममा पढाइने भनिने विद्यालयका कक्षा मनिटरका डायरीमा मातृभाषा बोलेको अपराध अङ्ग्रेजीमा टिपिन्छ र सो अपराधको सजाय कक्षा शिक्षकबाट अङ्ग्रेजीकै स्टिकबाट खान्छन् विद्यार्थीहरूले । अनि बन्छन् विद्यार्थीहरू जीवित मूर्ति र कक्षामा छाउँछ मूर्दा शान्ति । यसरी हुर्केका बालबालिकाको विचार आदान प्रदान गर्ने हैसियत कति दरो हुन सक्ला ? यो अर्को प्रश्न छ ।

कम योग्यताका शिक्षकहरूबाट तल्लो कक्षामा पढाउने कानुनी मान्यता नै स्थापित छ न्यूनतम् योग्यता तोकिदिएर । कम योग्यता, सम्भवतः कम उमेरको पनि व्यक्तिले बाल मनोदशा बुझेर कति सार्थक सिकाइ गर्न सक्ला ? यो अर्को प्रश्न छ । बालबालिकाको मातृभाषा इतर भाषाको विज्ञले राम्रो कक्षा वातावरण सिर्जना गरेर सो भाषाको राम्रो ज्ञान गरायो भन्ने मानौं । अब झन् अजङ् प्रश्नहरू खडा हुन्छन्-  हामी हाम्रा नानीहरूलाई किन पढाइ रहेका छौं ? केका लागि पढाइ रहेका छौं ? आफ्नै मर्म नबुझ्ने बनाउन पढाउँदै छौं ? अब आफ्ना नानीसँग आफ्नो व्यथा खुलस्त भन्न दोभाषे (interpreter) चाहिन्छ ? अङ्ग्रेजी वातावरणमा पढोस् भनी विद्यालयमा आवासीय गराई प्राथमिक शिक्षा दिनेको हालत त यही नै होला । यी अर्का जल्दाबल्दा समस्या हुन् ।

आजका बालबालिका दुई वर्ष पनि नपुग्दै शिशु स्याहार केन्द्रमा भर्ती हुन्छन् र बाल विकास केन्द्र आवासीय विद्यालय हुँदै हुर्कन्छन् । अब केको मातृभाषा ? आमालाई आफ्ना नानीसँग बोल्न फुर्सद छैन, अब मातृभाषा होइन शिशु स्याहार केन्द्र भाषा, मन्टेश्वरी भाषा, बाल विकास केन्द्र भाषा  आदि भन्नुपर्ने अवस्था आएको छ । सबल भाषिक दक्षताले सबल भाव सम्प्रेषण हुन्छ, ओजिलो असरदार सञ्चार हुन्छ । विद्यालयको तल्लो स्तरमा घटाघटमा शिक्षक राख्ने अवस्थाले यो समस्या झन् विकराल हुने सम्भावना छ ।

हाम्रो देशमा बसाइ सराइको व्यापकताले गर्दा मातृभाषा धरापमा पर्दै गएका छन् । यसरी बसाइ सराइ गर्ने वर्ग एकल परिवार (nuclear family) ज्यादा छ । यसो हुँदा मातृभाषाका गुरु हजुरबा हजुरआमाबाट नाति नातिना विछोडिएका छन् । हजुरबा हजुरआमाको धरालो बिना भाषिक सहयोगका लागि नाति नातिना र अस्तित्वका लागि मातृभाषा सबै टुहुरा हुँदैछन् । यो अर्को समस्या रहेको छ ।

निजी क्षेत्रका विद्यालयको व्यवस्थापन सम्बन्धी अध्ययन समूहको प्रतिवेदन २०५५ ले निजी क्षेत्रका विद्यालयहरूले नेपाली वा अङ्ग्रेजी वा दुवै भाषामा पठन पाठन गर्न सक्ने छन् भनी मातृभाषाको ठेकेदारी सामुदायिक विद्यालयलाई बुझाएको परोक्ष प्रमाणित गरेको छ । मातृभाषामा शिक्षा वा बहुभाषिक शिक्षा भन्ने कुरा विद्यालय विशेषमा जोडिएको समस्या हो कि एक बालकको सार्वभौम अधिकारसित जोडिएको प्रश्न हो ? यो हो अर्को समस्या ।

विचारको मणिभीकरण (crystalization of thought) अथवा ठोस विचारका लागि व्यक्तिमा सशक्त भाषा चाहिन्छ । आत्म स्वीकृत वा आत्मीकृत भाषा (assimilated language) नभई सशक्त विचार उत्पादन र अभिव्यक्त हुन सक्तैन । जोर जवरजस्तीले जोरजाम गरेको भाषा अर्थात् कामचलाउ भाषा (accommodated language) का भरमा विचारलाई प्रभावकारी रूपमा थिग्राउन गारो हुन्छ । विचारको उत्पादन महत्त्वपूर्ण कुरा हो । कुन समुदायका लागि कुन भाषामा विचार सम्प्रेषण गर्दा प्रभावकारी हुन्छ त्यो दोस्रो कुरा हो । यही आत्मीकृत भाषाको मर्मसँग जोडिएको छ मातृभाषा शिक्षा र त्यसैसँग जोडिएको छ बहुभाषिक शिक्षाको मुद्दा ।

मातृभाषा लाई कम महत्त्व दिने परम्परा आजको नौलो भने होइन । बिसौं शताब्दीका ख्यातिप्राप्त राजनीतिज्ञका रूपमा पनि चिनिने बेलायती प्रधानमन्त्री बिस्टन चर्चिलले आफ्नो आत्म वृतान्तमा भनेको छन्- "म हेरो विद्यालयमा प्रवेश परीक्षामा बसें तर लेख्न सकिन । मेरा बुबाको बलले उक्त विद्यालयमा पढ्ने अवसर पाएँ । टाठा तगडा साथीहरूले ल्याटिन, ग्रिक जस्ता प्रसिद्ध भाषा पढे । मैले भने अङ्ग्रेजी पढें (अरू पढ्न अक्षम भएकाले) । मेरा गुरुले मलाई यति राम्ररी अङ्ग्रेजी पढाउनु भयो कि मैले ती तगडा साथीहरूलाई पछाडि पारेको छु," यो भनाइमा मातृभाषाको वजनदार अस्तित्वको अभिव्यक्ति देख्न सकिन्छ र मातृभाषालाई खासै महत्त्व नदिने कुराको प्रमाण पनि यहीँ छ ।

अङ्ग्रेजी पढ्नुपर्छ/पढाउनुपर्छ भन्नेमध्येका १२% उत्तरदाताले समयअनुसार जानुपर्छ भनेर अहिलेको समय अङ्ग्रेजीको समय देखे । त्यसो हुन्थ्यो भने अङ्ग्रेजी भाषाको कम प्रयोग गर्ने देश रुस, चिन, कोरिया, जापन यतिमाथि उठ्ने थिएनन् । अङ्ग्रेजी भाषा नै विकासको कारण होइन, अन्य थुप्रै कारणहरू हुन सक्छन् ।

बहुभाषिक शिक्षामा शिक्षक बहुभाषी हुनुपर्छ । यसो भयो भने विभिन्न भाषा भाषीका मिश्रित कक्षाका विद्यार्थीले आआफ्नै भाषामा सिक्न बुझ्न पाउँछन् । यो नै बहुभाषिक शिक्षाको मुख्य उद्देश्य हो । यस्तो मिश्रित कक्षामा केही समयपछि विद्यार्थीहरू बिस्तारै बहुभाषी बन्न पुग्छन् । शिक्षक वास्तवमै योग्य बहुभाषी छन् भने यस्तो कक्षाका विद्यार्थीहरू माथिल्लो कक्षामा राष्ट्रको माध्यम भाषा (नेपाली) को माध्यमबाट शिक्षा लिनका लागि कुनै समस्या पर्दैन । यस्तै खालको मिश्रित समूह नै माध्यमिक विद्यालय स्तरसम्म जाने अवस्था छ भने विद्यार्थीले राष्ट्रको माध्यम भाषामा रूपान्तरण हुँदा आफ्नो सिकाइपछि परेको महसुस गर्न पाउँदैनन् र सिकाइ कमजोर हुँदैन पनि । तर जब मातृभाषा (नेपाली इतर) मा पढेका विद्यार्थी नेपाली भाषामा पढेका विद्याथीसँग मिसिन पुग्छन् तब मातृभाषी समूह अलि पछि परेको महसुस गर्ने अवस्था देखिन्छ । वास्तवमा सिकाइको गोरेटो (मातृभाषमा) पछ्याउने बानी परिसकेको विद्यार्थीका लागि समायोजन हुन केही दिन लागे पनि यो छिट्टै समाधान हुने समस्या हो । तर अभिभावक र स्वयम् विद्यार्थीका लागि पनि यो समस्या दीर्घ कालसम्म असर पार्ने खालको समस्याको मानसिकताले लिने गरेको पाइन्छ । यो अर्को समस्या हो ।

अहिले नमुनाको रूपमा फिनल्यान्ड सरकारको सहयोगमा बहुभाषिक शिक्षा कार्यक्रम सञ्चालित विद्यालयहरूको अध्ययन भ्रमण गरेका अध्ययनकर्ताले बहुभाषिक विद्यालयका सञ्चालक (व्यवस्थापन

समितिका पदाधिकारी) हरूले सो विद्यालयमा आफ्ना नानीहरू नपढाएको घटनाले आफूलाई झस्काएको कुरा बताए । यस्ता घटनाले पुरानो उखान 'कमराका टाउकामा कपाल खौरन सिक्ने' प्रयोग मात्रै त होइन भन्ने शङ्का उब्जाउँछ । अध्ययनकर्ताले मातृभाषामा भएको कक्षा सारै जीवन्त र उत्कृष्ट रहेको पनि बताए जुन बहुभाषिक शिक्षामा आशा गरिएको पक्ष हो । बहुभाषिक शिक्षाका अगुवाहरूलाई नै यसमा विश्वास छैन भने यसको निरन्तरता कसरी होला ? यो केवल गैर सरकारी संस्थाहरूको कमाइ खाने भाँडो र जातीय वा भाषिक राजनीति गर्ने मुद्दा बन्ने मात्रै त होइन ? यो अर्को आशङ्का उब्जेको छ ।

झन्डै १७% ले मातृभाषालाई आफ्नो पहिचान र राष्ट्रियता, राष्ट्रको गौरवसँग जोडे । यदि यो कुरा आफूहरू नै परिवर्तन हुने गरी उठाएका हुन् भने यो प्रभावकारी प्रतिशत मान्न सकिन्छ । यहाँ ख्याल गर्नै पर्ने कुरा के पनि छ भने कुनै मातृभाषा विलुप्त हुँदा त्यससँग त्यो समुदायले सिर्जना गरेका र संरक्षण गरेका थुप्रै सिप, प्रविधि र संस्कारसमेत मासिने वा औचित्यहीन हुने अवस्था आउँछ । यो बहुभाषिक शिक्षाको अर्को चुनौती हो ।

हाम्रो देशका विभिन्न जातिका नामले चिनिने भाषा (जस्तै :  थारू, नेवार, गुरुङ, मगर, राई) का विभिन्न उपभाषिक भेद हुँदा पाठ्य पुस्तक निर्माण तथा कार्यान्वयनमा समस्या परेको देखिन्छ । भाषिक समुदायको सन्धि क्षेत्रमा पनि भाषिक अलमलको चर्को समस्या देखिन सक्छ । मैथिली भाषा र भोजपुरी भाषाको सन्धि क्षेत्र, भोजपुरी भाषा र अवधी भाषाको सन्धि क्षेत्रमा फेरि तेस्रो खालको भाषा (मिश्रित भाषा) सिर्जिएको हुन्छ । यस समस्यालाई समाधान गर्न ती भाषाका विशेषज्ञहरूको राय सुझावले काम गर्नुपर्ने देखिन आउँछ ।

हालसम्म नेपाल सरकारले पाठ्यक्रम विकास केन्द्रबाट झन्डै बाइस ओटा भाषामा पाठ्य पुस्तक निर्माण गरेको  देखिन्छ । नामका हिसाबले हेर्ने हो भने २ थरी राई (राई वान्तवा र राई चामलिङ) २ थरी थारू (थारू र मध्य क्षेत्र थारू), २ थरी तामाङ (तामाङ र तामाङ (सम्बोटा)) देखिन्छन् । भाषालाई विचार विनिमयको साधन वा माध्यमका रूपमा नलिई आफ्नो स्थानीय पहिचान, जातीय पहिचानको मुद्दा हुन पुग्यो भने बहुभाषिक शिक्षा समाजमा भाडभैलो मच्चाउने निहुँको रूपमा देखिन सक्छ । यो बहुभाषिक शिक्षाको अर्को समस्या हो ।

## प्राप्ति

बहुभाषिक शिक्षा शिक्षण मातृभाषी बालबालिकाका लागि प्रभावकारी हुने देखिएको छ ।

- अङ्ग्रेजी माध्यमद्वारा गरिने शिक्षा शिक्षणमा विद्यार्थी तथा अभिभावकको झुकाव ज्यादा देखिएको छ ।
- एकल पारिवारिक बनोटले मातृभाषा खतराको स्थितिमा देखिएका छन् ।
- मातृभाषाको मुद्दासँग राष्ट्रियताको मुद्दासमेत जोडिएको देखिएको छ ।

- मातृभाषा वा बहुभाषिक शिक्षाका मुद्दाले संस्थागत विद्यालयलाई छुन सकेको छैन ।
- बहुभाषी विद्यालय भनिएको विद्यालयमा एकल भाषी शिक्षा दिने समस्या देखिएको छ ।

शिक्षकलाई बहुभाषी बनाउने विशेष कार्यक्रम देखिँदैन । एउटै भाषामा उपभाषाहरू देखिएका छन् ।

## सुझाव

बहुभाषिक शिक्षा पढ्ने विद्यार्थीले एकल भाषिक शिक्षा लिनेलाई भन्दा पक्कै बोझ हुन्छ । यसै कारणले ऊ पछि परेको ठान्छ भन्ने समस्यालाई बहुभाषिक क्षमताको मूल्याङ्कन गरिने औपचारिक मूल्याङ्कन परिपाटी विकास गरेमा हरेक विद्यार्थीको अतिरिक्त क्षमतालाई मूल्याङ्कनको मूल प्रवाह लैजाँदा न्यायसङ्गत हुन सक्छ । यसो गर्दा बालबालिकाको सिकाइ सम्पत्तिको रक्षा हुन्छ ।

- बहुभाषिक शिक्षा बालबालिकाको मौलिक हकसँग सम्बन्धित भएकाले संस्थागत विद्यालय पनि यसको दायराभित्र पर्नुपर्छ ।
- बहुभाषिक शिक्षा लागु गर्नुपर्ने विद्यालयमा प्राथमिक तहलाई तोकिएको भन्दा एक तह माथिको बहुभाषिक शिक्षकको व्यवस्था गर्ने नीति लिइनुपर्छ । यसो गरे बहुभाषिक शिक्षाले प्राथमिकता पाएको सावित हुने छ र शिक्षकमा पनि उत्प्रेरणा जाग्ने छ ।
- बहुभाषिक शिक्षा लागु गर्ने विद्यालयका लागि औचित्यपूर्ण तरिकाले अन्य सामान्य विद्यालयका लागि भन्दा थप अनुदानको व्यवस्था गर्नुपर्छ ।
- कुनै भाषामा उपभाषिक भेद देखिएमा ती विभन्नि क्षेत्रका भाषा विज्ञहरू एकै थलोमा बसी एउटै वस्तु वा कुरोलाई बुझाउने भिन्न शब्दलाई पर्यायवाची शब्दका रूपमा स्वीकारी भाषिक क्षेत्र फराकिलो बनाउँदा थौरै तर एकीकृत समृद्ध भाषाहरू निर्माण हुने हुन्छ । यसो गरेमा ती भाषालाई उच्च शिक्षासम्म अध्ययन अध्यापन गर्न र व्याकरण, शब्दकोश तथा साहित्य सिर्जना गर्न समेत सजिलो हुन्छ ।
- जात थरका हिसाबले मातृभाषाको दाबी नगरी आफ्नो परिवारले बोल्ने गरेको भाषालाई मातृभाषाका रूपमा लिँदा अध्ययन अध्यापनमा सजिलो हुन्छ ।

## निष्कर्ष



बहुभाषिक शिक्षा आजको आवश्यकता हो । विभिन्न भाषिक समुदायका बालबालिकाहरू न्यायिक रूपले आफ्नो मातृभाषामा अध्ययन गर्न पाउनुपर्छ । यसका साथसाथै विभिन्न मातृभाषामा सिर्जना हुने साहित्य, व्याकरण तथा शब्द भण्डारले माध्यम भाषालाई पूरक भाषाका रूपमा सहयोग गर्ने र सहयोग स्वीकार्ने वातावरण भएमा भाषिक एकताको संभावना बढ्दै जान्छ र जातीय सद्भाव र एकता पनि बढ्ने हुन्छ । यसले राष्ट्रिय एकतालाई समेत बल दिन्छ । विभिन्न भाषिक समुदायमा रहेको प्रतिभा तथा सिप समाजमा प्रकट भई राष्ट्र समृद्ध हुन्छ ।

## सन्दर्भ सामग्री


तिवारी, भोलानाथ (१९९३), **भाषा विज्ञान**, इलाहावाद : किताब महल १५ थार्नहिल रोड ।

नेपाल राष्ट्रिय शिक्षा आयोग (२०११), **नेपालमा शिक्षा**, प्रकाशन विभाग, काठमाडौं : कलेज अफ एजुकेसन ।

नेपाल सरकार, **अन्तरिम संविधान (२०६३)** ।

नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र (२०६४), **मातृभाषाको नमुना पाठ्यक्रम तथा पाठ्य पुस्तक विकासका लागि मार्ग दर्शन पुस्तिका** कक्षा १-५ : सानोठिमी भक्तपुर ।

नेपाल सरकार, **शिक्षा ऐन तथा नियमावली** (२०६७), काठमाडौं :सहिष्णु प्रकाशन ।

नेपाल सरकार, शिक्षा मन्त्रालय **बहुभाषिक शिक्षा कार्यान्वयन निर्देशिका** (२०६६) ।

नेपाल सरकार, शिक्षा मन्त्रालय **विद्यालय क्षेत्र सुधार योजना** (२०६६-२०७२) ।

नेपाल सरकार ,**स्थानीय निकाय ऐन नियमको सङ्ग्रह** (२०६५) ।

राष्ट्रिय योजना आयोग, **तिन वर्षीय अन्तरिम योजना** (२०६४/०६५-०६६/०६७), सोपान मासिक, डिल्लीबजार : काठमाडौं ।

लुइँटेल, तिलकप्रसाद (अनु.) (२०६२), **यजुर्वेद,** काठमाडौं : विद्यार्थी पुस्तक प्रकाशन ।

शर्मा, गोपिनाथ (२०५७), **नेपालको शैक्षिक इतिहास,** काठमाडौं : लुम्बिनी पुस्तक भण्डार ।

**उच्चस्तरीय राष्ट्रिय शिक्षा अयोगको प्रतिवेदन** (२०५५) ।

**राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन** (२०४९) ।

**राष्ट्रिय शिक्षा पद्धतिको योजना** (२०२८-२०३२) ।

**विद्यालय शिक्षाको प्रस्तावित कार्य नीति र कार्य योजनाको अवधारणा पत्र** (२०५८) ।

शिक्षा मन्त्रालय **सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट** (२०१८), विराटनगरः नव शैक्षिक सरोकार केन्द्र ।

Ministry of education & sports, Education for all ( 200b\w -2009) .